# बटेश्वर गाउँपालिका धनुषाद्धारा प्रकाशित

## स्थानीय राजपत्र

खण्डः२ संख्याः३ .मिति २०८२/०९/३०


### भाग-२

## बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन,२०७५ को दफा (४) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८२ सालको कार्यबिधि नं.३

### कृषि विद्युत् मिटरको महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि,२०८२

**प्रस्तावना** : यस बटेश्वर गाउँपालिकामा जीविकोपार्जन र आर्थिक विकासको प्रमुख साधनका रुपमा कृषि क्षेत्र रहेको सन्दर्भमा यस क्षेत्रको संरक्षण, प्रवर्द्धन गर्दै व्यावसायीकरण, आधुनिकीकरणमा टेवा पुऱ्याउनका लागि मूलतः यस गाउँपालिका क्षेत्रका कृषि समूह, कृषि सहकारी तथा कृषक र कृषिमा आधारित लघु उद्यमीलाई विद्युत् महसुलमा अनुदान उपलब्ध गराई कृषि उत्पादनको लागत न्यूनीकरण गरी गाउँपालिकाभित्रका कृषकहरुको आर्थिक हैसियत र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु बाञ्छनीय भएकाले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी बटेश्वर गाउँपालिकाले कृषि विद्युत् महशुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०८२ जारी गरेको छ। यो कार्यविधि बटेश्वर गाउँपालिका बाट राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

## परिच्छेद १ :

## प्रारम्भिक

१. संक्षिप्त नाम : (१) यस कार्यविधिको नाम "कृषि विद्युत् महशुलमा अनुदान भुक्तानी दिनेसम्बन्धी कार्यविधि २०८२" रहेको छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम कृषि कार्यमा प्रयोग हुने विद्युत् महसुलमा अनुदान प्राप्त गर्नका लागि कृषि शाखामा सूचीकृत भएका वा अनुदान प्राप्त गर्ने योग्यता पुगेका कृषी समूह, कृषि सहकारी, कृषक वा कृषिमा आधारित लघु उद्यमलाई जनाउँदछ।

ख) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप कृषि कार्यमा प्रयोग भएको विद्युत् महशुल वापत प्रदान गरिने सहयोग रकम सम्झनु पर्छ ।

ग) "कृषि कार्य" भन्नाले विभिन्न कृषि बाली/वस्तु, पशुपालन तथा माछा उत्पादन गर्न संचालित क्रियाकलापलाई सम्झनु पर्छ ।

घ) "कार्यालय" भन्नाले बटेश्वर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ङ) "कृषि शाखा" भन्नाले बटेश्वर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको कृषि विकास शाखालाई सम्झनु पर्छ ।

च) "विद्युत् महसुल" भन्नाले नेपाल विद्युत् प्राधिकरणबाट 'सिँचाइ' वा 'कृषि' प्रयोजनका लागि जडान भएको कृषि मिटर मार्फत् उठेको महसुल रकम सम्झनु पर्छ" ।

## परिच्छेद २ :

## समिति सम्बन्धी व्यवस्था

३. अनुदान व्यवस्थापन समिति : यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान र सोसँग सम्बन्धित क्रियाकलापहरुको नियमन, व्यवस्थापनका लागि गाउँपालिकामा देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति रहनेछ :

क) गाउँपालिका अध्यक्ष संयोजक

ख) गाउँपालिका उपाध्यक्ष सदस्य

ग) गाउँपालिका अध्यक्षले तोकेको एकजना कार्यपालिका सदस्य सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य सचिव

४. अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :

क) अनुदान सम्बन्धमा मूल्यांकनका आधार, मापदण्ड तथा अनुदान सीमा र अनुदान उपलब्ध हुने अवधि तोक्ने,

ख) कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने तथा अनुदान कार्यक्रमको सुचारु कार्यान्वयनका लागि आवश्यकताअनुसार सहजीकरण गर्ने

ग)अनुदान कार्यक्रम सञ्चालन सम्बन्धमा अन्य आवश्यक नीतिगत निर्णयहरु गर्ने ।

घ) आवश्यकताअनुसार बैठक बसी कार्यक्रमको समीक्षा गर्ने तथा कार्यक्रम सञ्चालनका क्रममा द्विविधा भएको अवस्थामा बाधा अड्चन फुकाउनका लागि आवश्यक निर्णय गर्ने ।

५. अनुदान कार्यान्वयन समिति : अनुदान सम्बन्धी कार्यको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारको कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

क) योजना शाखा प्रमुख संयोजक

ख) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

ग) कृषि शाखा प्रमुख सदस्य-सचिव

६. अनुदान कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) अनुदानको प्रभावकारी वितरणका लागि आम कृषकको जानकारीका लागि आवश्यताअनुसार वार्षिक रुपमा प्रचार-प्रसार गरी अनुदानग्राहीहरुबाट प्राप्त निवेदन सङ्कलन गर्ने

ख) अनुदानग्राहीहरुको निवेदनका आधारमा विद्युत् महसुल छुटमा खेती गर्ने जमिनसमेतको स्थलगत अध्ययन भ्रमण गरी सम्बन्धित लाभग्राहीले वार्षिक रुपमा खपत गर्ने विद्युत् युनिटको लगत अनुमान (इष्टिमेट) तयार गर्ने

ग) अनुदानग्राहीहरुको निवेदन एवम् अभिलेख राख्ने व्यवस्थित, सुरक्षित रुपमा राख्ने

घ) अनुदान भुक्तानीका लागि अनुदानग्राहीहरुबाट चौमासिक रुपमा निवेदन प्राप्त गर्न आवश्यक व्यवस्था मिलाउने

ङ) अनुदान भुक्तानीका लागि अनुदानग्राहीहरुबाट निवेदन प्राप्त भएपछि आवश्यकताअनुसार स्थलगत अनुगमन वा अन्य विधिहरु प्रयोग गरी सम्बन्धित अवधिमा कृषि मिटरमा विद्युत् खपत भएको परिमाण (युनिट) यकिन गर्ने

च) स्थलगत/अनुगमनका क्रममा कृषि मिटरको विद्युत् तोकिएको उद्देश्यभन्दा अन्य कार्यमा खपत भएको वा दुरुपयोग भएको पाइएमा सम्बन्धित अनुदानग्राहीको अनुदान निवेदन अस्वीकृत भएको सूचना प्रकाशन गर्ने

छ) प्रवाह भएको अनुदानको विवरण तयार गरी स्पष्ट अभिलेख राख्ने

ज) अनुदान कायक्रमलाई सहज कार्यान्वयन गर्न अन्य समुचित व्यवस्था मिलाउने वा कुनै बाधा अड्चन देखिएमा सो बाधा अड्चन फुकाउने वा सो कार्यका लागि अनुदान समितिलाई अनुरोध गर्ने

झ) अनुदान व्यवस्थापन समितिको निर्णयानुसार प्राप्त निर्देशनहरु पालना गर्ने गराउने

ञ) अनुदान वितरणका क्रममा कृषकहरुका गुनासोहरुलाई यथोचित रुपमा सम्बोधन गर्न पहल गर्ने,

ट) अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरूको पूर्ण विवरणसहितको प्रतिवेदन वार्षिक रुपमा अनुदान समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

ठ) कार्यक्रम व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद ३ :

## अनुदान प्रदान गरिने शीर्षकहरु

७. यस कार्यविधि बमोजिम कृषि कार्यका लागि प्रयोग गरिने सिंचाइ (स्यालो ट्युववेल, माछा तथा पशुपन्छि फार्मका लागि पानी व्यवस्थापन, लिफ्ट सिंचाइ), कृषि उत्पादन वा कृषिसँग सम्बन्धित घरेलु उद्योग लगायत अनुदान व्यवस्थापन समितिले समय-समयमा थप गरेका अन्य कृषि क्षेत्र तथा व्यवसायहरुमा विद्युत् महसुल अनुदान प्रदान गरिनेछ। यसका लागि कार्यान्वयन समितिको प्रतिवेदन अध्ययन गरेर अनुदान व्यवस्थापन समितिले सिफारिश गरेबमोजिम गाउँ कार्यपालिकाको कार्यालयले यस कार्यविधिमा तोकिएबमोजिम अनुदान उपलब्ध गराउनेछ । कृषि मिटरमा अनुदान प्रदान गरिने क्षेत्रहरु कार्यान्वयन समितिको सिफारिश र अनुदान समितिको स्वीकृतिमा गाउँ कार्यपालिकाको कार्यालयले यस कार्यविधिमा संशोधन गरी थपघट गर्न सक्नेछ ।

## परिच्छेद ४ :

## अनुदानका पूर्वशर्त

८. कृषि मिटरमा अनुदानका लागि अनुदानग्राहीले निम्न लिखित शर्तहरुको पालना गर्नु अनिवार्य हुनेछ-

(१) कुनै पनि अनुदानग्राहीले अनुदान प्राप्त गर्न कृषि मिटर अनिवार्य रुपमा जडान गरेको हुनुपर्नेछ। कृषि मिटर जोड्ने जिम्मेवारी सम्बन्धित कृषक वा कृषिमा आधारित घरेलु उद्यमीको हुनेछ ।

(२) कृषि मिटरमा प्रयोग गरिने खेतीयोग्य जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि अनुदानका लागि पेश गरिने आवेदनसाथ सङ्लग्न गर्नुपर्नेछ ।

(३) कुनै एउटा समूह वा सहकारी वा घरपरिवारले एकभन्दा बढी कृषि मिटर प्रयोग गरेको अवस्थामा कुनै एउटा कृषि मिटरको विद्युत् महसुलमा मात्र अनुदान प्रदान गरिनेछ । यस्तो अवस्थामा सम्बन्धित समूह वा सहकारी वा घरपरिवारले एउटा कृषि मिटरको विद्युत् महसुलका लागि मात्र अनुदान माग गर्न सक्नेछ ।

(४) अरु व्यक्तिको जग्गा ठेक्का वा बटैयामा लिई खेती गर्ने व्यक्तिले जग्गाधनीसँगको सम्झौता र जग्गाधनी प्रमाण पूर्जा (लालपूर्जा)को प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ ।

(५) कृषि मिटरमा उठेको र कृषि कार्यमा प्रयोग भएको महसुसमा मात्र अनुदान प्रदान गरिनेछ ।

(६) समूह वा सहकारी वा घरपरिवारहरुमध्ये अनुदान भुक्तानीका लागि समूह वा सहकारीहरुलाई पहिलो प्राथमिकताका रुपमा राखी त्यसपछि व्यक्तिगत घरपरिवारको कृषि मिटरमा अनुदान प्रदान गरिनेछ ।

## परिच्छेद ५ :

## अनुदान रकम र सीमा

९. यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम र त्यसको सीमा देहायबमोजिम हुनेछ ।

(१) यस कार्यविधि बमोजिम निवेदन प्राप्त भई दर्ता भएका तथा अनुदान परिचयपत्र प्राप्त गरेका अनुदानग्राहीलाई चौमासिक रूपमा अनुदान रकम उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा कृषि कार्यमा खपत भएको वास्तविक युनिट वापतको महसुल रकमको अधिकतम ६०% (साठी प्रतिशत) वा कृषि शाखाको सिफारिसमा गाउँ कार्यपालिकाले तोकेको अधिकतम रकम, दुईमध्ये जुन कम हुन्छ, सोही रकम अनुदान दिइनेछ।

(३) विद्युत् महसुल बापत् लाग्ने शुल्क (डिमान्ड शुल्क, जरिवाना शुल्क, विलम्ब शुल्क) वा कृषि प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग भएको महसुलमा अनुदान रकम उपलब्ध गराइने छैन।

(४) गाउँसभाबाट वार्षिक रूपमा विनियोजन गरिएको बजेटको सीमाभित्र रही मात्र अनुदान रकम भुक्तानी गरिनेछ। बजेट अपर्याप्त भएमा कार्यान्वयन समितिले 'पहिला आउनेलाई प्राथमिकता' दिने वा 'समानुपातिक' तरिका अपनाउने व्यवस्था गर्न सक्नेछ। अथवा, साना किसान, व्यावसायिक फार्मको आकार) वा कृषिको प्रकार (जस्तैः नगदे बाली, प्राथमिक उत्पादन) लाई आधार मानेर कार्यान्वयन समितिले प्राथमिकताका आधार तोक्ने र अनुदान समितिले स्वीकृत गरी प्राथिमकताका आधारमा अनुदान प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ६ :

## अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया

१०. अनुदान उपलब्ध गराउने प्रक्रिया देहायअनुसार हुनेछ :

(१) अनुदान कार्यक्रमका बारेमा सम्बन्धित सबै कृषकहरुलाई जानकारी होस् भन्ने उद्देश्यले कार्यान्वयन समितिले हरेक वर्ष प्रचार-प्रसार एवम् जानकारीमूलक कार्यक्रमहरु सञ्चालन गरी निवेदन आह्वान गर्नेछ। आवश्यकताअनुसार सरोकारवालाहरु तथा कृषकहरुको उपस्थितिमा अन्तक्रिया, जनचेतना तथा प्रचारप्रसार लगायतका कार्यहरु संचालन गरिनेछ ।

(२) अनुदान प्राप्त गर्न चाहने सम्बन्धित सबै कृषक समूह, कृषि सहकारी वा कृषक परिवारले अनिवार्यरुपमा कृषि विद्युत् मिटर जडान गर्नुपर्नेछ।

(३) कृषि शाखाले अनुदानग्राहीले कृषि विद्युत् मिटर जडेको यकिन गरी अनुसूची-४ बमोजिमको ढाँचामा विद्युत् अनुदान परिचयपत्र प्रदान गर्नुपर्नेछ ।

(४) वार्षिक स्वीकृत कार्यक्रम अनुसार परिच्छेद ३ मा तोकिए बमोजिमका क्षेत्रहरुमा विद्युत् महशुल अनुदान कार्यक्रम कार्यान्वयनका लागि हरेक आर्थिक वर्षमा वर्षको एकपटक अनुदानग्राहीको सूचीमा सूचीकृत हुन अनुसूची १ बमोजिम सूचना प्रकाशन गरिनेछ।

(५) अनुसूची १ बमोजिम सङ्कलित आवेदनहरुका आधारमा कार्यान्वयन समिति, कृषि शाखाले अनुदानग्राहीहरुको सूची तयार गर्नेछ ।

(६) अनुदानग्राहीहरुलाई अनुदान भुक्तानीका लागि कार्यान्वयन समितिको सिफारिशमा गाउँ कार्यपालिकाको कार्यालयले चौमासिक रुपमा सूचीकृत कृषकहरुबाट अनुसूची २ बमोजिम अनुदानका लागि आवेदन आह्वान गर्नेछ ।

(७) अनुसूची-२ बमोजिम संकलित आवेदनहरु उपर मूल्याङ्कन समितिले तय गरेको मापदण्ड, मूल्याङ्कनका आधारहरु एवम् अनुदान माग गर्ने अनुदानग्राहीहरुले विद्युत् खपत गरेको स्थलगत/अनुगमन गरी कार्यान्वयन समितिले स्वीकृत अनुदानग्राहीहरुको सूची प्रकाशन गर्नेछ।

(८) स्वीकृत अनुदानग्राहीहरुलाई कार्यान्वयन समितिले स्वीकृत गरेअनुसार गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैङ्क खातामा हस्तान्तरण गर्नेछ।

## परिच्छेद ७ :
## अनुदानका लागि आवेदन संकलन एवम् स्वीकृति प्रक्रिया

११. अनुदानका लागि आवेदन संकलन एवम् स्वीकृति प्रक्रिया देहायअनुसार हुनेछ-

(१) दफा ९ उपदफा (२) बमोजिम विद्युत् मिटर जडान गरेका अनुदानग्राहीहरुले अनुसूची १ बमोजिमको सूचना प्रकाशन भएपश्चात् गाउँ कार्यपालिकाको कृषि शाखामा आवेदन पेश गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आवेदन प्राप्त भइसकेपश्चात् कृषि शाखाले नियमानुसार दर्ता गर्नेछ ।

(३) उपदफा (२) बमोजिम आवेदन दर्ता भइसके पश्चात् कृषि शाखाले स्थलगत/अनुगमन गरी १५ दिनभित्र आवेदन स्वीकृत वा अस्वीकृत भएको सूचना प्रकाशन गर्नुपर्नेछ।

(४) कृषि शाखाले स्थलगत अनुगमन गरेको प्रतिवेदन फाइलिङ गरेर राख्नुपर्नेछ र यसको बारेमा कार्यान्वयन समितिको बैठकमा जानकारी गराउनुपर्नेछ ।

## परिच्छेद ८ :
## अनुदान भुक्तानी प्रक्रिया

१२. अनुदानग्राहीलाई अनुदान भुक्तानी प्रक्रिया देहायअनुसार हुनेछ-

(१) यस कार्यविधि बमोजिम अनुदान रकम प्राप्त गर्नका लागि अनुदानग्राहीले गाउँ कार्यपालिकाको कार्यालयले चौमासिक रुपमा सूचीकृत कृषकहरुबाट अनुसूची-२ बमोजिम अनुदानका लागि आवेदन आह्वान गरेपछि विद्युत् महसुल तिरेको सक्कल रसिद/बिल भरपाई, विद्युत् महसुल अनुदान परिचयपत्र र बैंक खाताको विवरण सहित कृषि शाखामा निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन समितिले कागजातहरूको यकिन गरी र आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी कृषि कार्यमा विद्युत्को वास्तविक प्रयोग भएको सुनिश्चित गर्नुपर्नेछ।

(३) स्थलगत अनुगमनबाट कृषि कार्यमा विद्युत्को दुरुपयोग भएको वा अन्य प्रयोजनमा प्रयोग भएको प्रमाणित भएमा, कार्यान्वयन समितिले त्यस्तो महसुल वापतको अनुदान भुक्तानी नगर्न सिफारिस गर्नेछ।

(४) कार्यान्वयन समितिले माथि उल्लिखित अध्ययन पूरा गरी भुक्तानीको सिफारिश गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) भुक्तानीका लागि प्रतिवेदन प्राप्त भए पश्चात् कार्यालयले प्रचलित कानून बमोजिम अनुदानग्राहीको बैंक खाता मार्फत् अनुदान रकम भुक्तानी गर्नेछ।

१३. नवीकरण गराउनु पर्ने : (१) यस कार्यविधि बमोजिम एक वर्ष विद्युत् महशुल अनुदान प्राप्त गरेको अनुदानग्राहीले अर्को आर्थिक वर्षमा पनि अनुदान लिन सक्नेछ । यसका लागि गाउँ

कार्यपालिकाले विद्युत् महशुल अनुदान कार्यक्रमको अनुदानग्राही सूचीकरण सम्बन्धी सूचना प्रकाशन गरेपछि तोकिएअनुसार आवेदन गरी परिचयपत्र नवीकरण गराउनु पर्नेछ ।

## परिच्छेद ९ :

## विविध

१४. अनुगमन सम्बन्धी व्यवस्था : कृषि विद्युत् मिटर जडान तथा उपयोगलगायतका विषयमा अनुगमन गर्ने मुख्य जिम्मेवारी कृषि विकास शाखा तथा कार्यान्वयन समितिको हुनेछ । अनुगमन टोलीमा सम्बन्धित वडाका पदाधिकारीलाई समेत समावेश गर्नुपर्नेछ । आवश्यकता अनुसार अनुदान समिले समेत अनुगमन गर्न सक्नेछ ।

१५. कारवाहीको व्यवस्था : (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने उद्देश्यले झुटा विवरण पेश गरेको, उद्देश्य अनुरुप कार्य नगरेको वा अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राहीलाई कालो सूचीमा समावेश गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

१६. अभिलेख राख्ने व्यवस्था : यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको विवरण कृषि शाखाले अनिवार्य अभिलेख राख्नुपर्नेछ ।

१७. बाधा अड्काउ फुकाउ तथा संशोधन : यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ साथै गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ ।

१८. बचाउ : यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

विद्युत् महशुल अनुदान कार्यक्रमको अनुदानग्राही सूचीकरण सम्बन्धी सूचना।

सुचना प्रकाशन मितिः

यस बटेश्वर गाउँपालिका धनुषाको आ.व. ........................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विद्युत् महशुल अनुदान कार्यक्रम रहेकाले यस गाउँपालिका क्षेत्रभित्रका कृषक, कृषि समूह, कृषि सहकारी वा कृषिमा आधारित लघु उद्यमबाट कृषि कार्यका लागि कृषि विद्युत् महशुल अनुदान कार्यविधि २०८२ बमोजिम विद्युत् महशुल अनुदान कार्यक्रमको अनुदानग्राहीको सूचीमा सूचीकृत भई कृषि विद्युत् मिटरमा अनुदान प्राप्त गर्नका लागि यस गाउँपालिकाको कृषि शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

अनुसूची २

अनुदानका लागि आवेदन फारम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बटेश्वर गाउँपालिका, धनुषा ।

विषय : कृषि विद्युत् महशुल अनुदानको लागि निवेदन पेश गरेको सम्बन्धमा

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ..................... गते प्रकाशित सूचना अनुसार कृषि विद्युत् महशुल अनुदान प्राप्त गर्नका लागि तपसिल बमोजिमको विवरण एवम् कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु ।

(क) अनुदान प्रयोग सम्बन्धी विवरण

१. विद्युत् महसुल अनुदान प्रयोग गरिने क्षेत्र (कृषि, कृषिमा आधारित घरेलु उद्यम):
२. विद्युत् मिटर प्रयोग गरिने कार्य :
३. अनुदान अन्तर्गत वार्षिक अनुमानित विद्युत् खपत : .................... युनिट

(ख) संलग्न कागजात

१. कृषि समूहको निवेदन भएमा- समूहको माइन्यूट, कृषि सहकारीको निवेदन भएमा- कृषि सहकारीको प्रमाणपत्र र व्यक्तिगत निवेदन भएमा- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. जग्गाधनी प्रमाणपुर्जाको प्रमाणित प्रतिलिपि
३. विद्युत महशुल अनुदानग्राही परिचयपत्रको प्रतिलिपि
४. कृषि विद्युत् महशुल तिरेको सक्कल बिल ।

निवेदक
सहीछाप :

नामथर :

ठेगाना :

सम्पर्क नं. :
संस्था(भएमा)को छाप :

अनुसूची ३

कृषि विद्युत् महसुल अनुदान परिचयपत्रको ढाँचा

बटेश्वर गाउँ कार्यपालिकाको कार्यालय, बटेश्वर

**कृषि विद्युत् महसुल अनुदान परिचयपत्र**

कृषकको नाम :
ठेगाना :
विद्युत् अनुदान प्राप्त गरेको व्यवसाय
सम्पर्क नं.

बैंक खाताको विवरण :
बैंकको नाम र शाखा :
खाता नं. :
परिचयपत्र जारी मिति :

जारी गर्ने अधिकारीको नाम र पद :
जारी गर्नेको हस्ताक्षर :

अनुदान भुक्तानीको अवस्था

अनुदानका लागि प्रयोग गरिने जग्गाको क्षेत्रफलः .................. कट्ठा

वार्षिक अनुमानित विद्युत् खपत परिमाण : .................. युनिट

वार्षिक अनुमानित विद्युत् अनुदान : रु. ..................

| निवेदन मिति | खुद खपत युनिट | जम्मा महसुल | भुक्तानी प्राप्त गर्नेको सही | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**गाउँ कार्यपालिकाका बाट स्वीकृत मितिः२०८२।०९।२९ गते**

**प्रमाणीकरण मितिः२०८२।०९।३०**

**आज्ञाले,**
**रेवती प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**